बैठक संख्याः ५/२१३औं

आज मिति २०८३ साउन २० गते बुधबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २१३औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख | |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रितः

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

१. नियमित समीक्षा सम्बन्धमा।

२. आ.व. २०८३/२०८४ को दररेट स्वीकृत गर्ने सम्बन्धमा।

३. शाखागत वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना र कार्यक्रम सञ्चालन निर्देशिका सम्बन्धमा।

४. आ.व. २०८२/०८३ बार्षिक प्रगति समीक्षा र आ.व. २०८३/०८४ बार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण सम्बन्धमा।

५. राजश्वको वडागत लक्ष्य तोक्ने सम्बन्धमा।

६. आन्तरिक राजश्व सुधारको लागि व्यवसाय अनुगमन सम्बन्धमा।

७. SuTRA राजस्व प्रणालीको समस्या सम्बन्धमा।

८. समस्याग्रस्त सहकारीका ऋणीहरूको विवरण सार्वजनिक गर्ने सम्बन्धमा।

९. खल्पिटार सहकारी संस्थाको छानबिन सम्बन्धमा।

१०. जनश्रमदानको प्रतिशत निर्धारण गर्ने सम्बन्धमा।

११. सम्पति विवरण सम्बन्धमा।

१२. भुक्तानी बाँकी योजनाहरु सम्बन्धमा।

१३. विविध सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १: नियमित समीक्षा सम्बन्धमा।**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरूबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरी सम्बन्धित शाखा तथा पदाधिकारीहरूलाई निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने ।

**निर्णय नं. २ : आ.व. २०८३/२०८४ को दररेट स्वीकृत गर्ने सम्बन्धमा।**

आ.व. २०८२/०८३ को सार्वजनिक निर्माणको लागि ज्याला, ढुवानी तथा निर्माण सामाग्रीको दररेट सम्बन्धमा जिल्ला दररेट निर्धारण समिति, भक्तपुरबाट स्वीकृत भएको दररेट नै कायम गर्दै सार्वजनिक निर्माण तथा खरिद सम्बन्धी कार्यको लागि कार्यालयबाट पेश भएको दर विश्लेषण सहितको दररेट स्वीकृत गर्ने ।

**निर्णय नं. ३ : शाखागत वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना र कार्यक्रम सञ्चालन निर्देशिका सम्बन्धमा।**

सम्बन्धित शाखाहरूबाट पेश भएको वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना तथा कार्यक्रम सञ्चालन निर्देशिका सम्बन्धमा छलफल भई आवश्यक परिमार्जन सहित स्वीकृत भयो । साथै, स्वीकृत खरिद योजना, कार्यान्वयन कार्ययोजना तथा कार्यक्रम सञ्चालन निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि वार्षिक प्रगति समीक्षासंगै वार्षिक कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ४ : आ.व. २०८२/०८३ वार्षिक प्रगति समीक्षा र आ.व. २०८३/०८४ वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण सम्बन्धमा।**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा तथा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०८३ साउन २९ र ३० गते गर्ने सम्पन्न गर्ने

**निर्णय नं. ५ : राजश्वको वडागत लक्ष्य तोक्ने सम्बन्धमा।**

आर्थिक वर्ष २०८३/०८४ का लागि नगरपालिकाको आन्तरिक राजस्व लक्ष्य रु. ३१ करोड ८३ लाख ३० हजारलाई वडा क्षेत्रको सम्भाव्यता, विगतको राजस्व संकलन तथा अनुमानित आधारका अनुसार वडागत रूपमा विभाजन गरी लक्ष्य निर्धारण गर्ने तथा सम्बन्धित वडालाई जानकारी गराउने ।

**निर्णय नं. ६ : आन्तरिक राजश्व सुधारको लागि व्यवसाय अनुगमन सम्बन्धमा।**

आर्थिक ऐन, २०८३ को दफा २२ र २३ तथा अनुसूची २३ र २४ बमोजिम आवश्यक तयारी सहित व्यवसाय दर्ता, नवीकरण तथा कर दायरालाई प्रभावकारी बनाउन व्यवसाय अनुगमन कार्यक्रमलाई चरणबद्ध रूपमा अभियानका रूपमा सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ७ : SuTRA राजस्व प्रणालीको समस्या सम्बन्धमा।**

नेपाल सरकारद्वारा विकास गरी उपलब्ध गराइएको स्थानीय सञ्चित कोष व्यवस्थापन -राजस्व (SuTRA) प्रणालीमा देखिएका प्राविधिक समस्याका कारण राजस्व प्रशासन प्रभावित भएकाले समस्या समाधानका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने तथा दीर्घकालीन रूपमा वैकल्पिक व्यवस्थाको सम्भाव्यता अध्ययन गरी आवश्यक पहल गर्ने।

**निर्णय नं. ८ : समस्याग्रस्त सहकारीका ऋणीहरूको विवरण सार्वजनिक गर्ने सम्बन्धमा।**

नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूमा बचतकर्ताहरूले आफ्नो बचत रकम फिर्ता पाउन निवेदन दिएका तर सम्बन्धित सहकारी संस्थाबाट बचत फिर्ता हुन नसकेको अवस्थालाई दृष्टिगत गर्दै त्यस्ता बचत फिर्ता गर्न नसकि समस्यामा रहेका सहकारी संस्थाबाट ऋण लिएका ऋणीहरूलाई प्रचलित कानुनबमोजिम ऋण दायित्व चुक्ता गर्न आह्वान गर्ने तथा आवश्यक सूचनासहित त्यस्ता ऋणीहरू र सहकारी सञ्चालक समितिका पदाधिकारीहरुको विवरण सार्वजनिक गर्ने।

**निर्णय नं. ९ : खल्पिटार सहकारी संस्थाको छानबिन सम्बन्धमा**

यस नगरपालिका वडा नं. २ मा रहेको खल्पिटार सहकारी संस्थाका एक ऋणीले आफूले लिएको ऋण रकम यकिन गरिपाउँ भनी नगरपालिकामा निवेदन पेश गरेको तथा ऋण रकम सम्बन्धमा विवाद उत्पन्न भएको विषयमा सत्यतथ्य छानबिन तथा अध्ययन गर्न देहायबमोजिमको अध्ययन कार्यदल गठन गर्ने।

अध्ययन कार्यदलः

१. श्री सलबहादुर पाण्डे, शाखा प्रमुख (सहकारी शाखा) - संयोजक

२. श्री नवकुमार अधिकारी - विज्ञ सदस्य

३. श्री महेश भट्टराई, सहायक लेखा अधिकृत - सदस्य

उक्त कार्यदलले सम्बन्धित कागजात तथा प्रमाणहरूको अध्ययन गरी आवश्यक सुझावसहितको प्रतिवेदन १५ दिन कार्यभित्र नगर कार्यपालिकासमक्ष पेश गर्ने ।

**निर्णय नं. १०: जनश्रमदानको प्रतिशत निर्धारण गर्ने सम्बन्धमा।**

आर्थिक वर्ष २०८३/०८४ मा नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा पूर्वाधारसम्बन्धी योजनाहरूमा स्थानीय जनसहभागितालाई एकरुपता तथा स्पष्टता सहित अभिवृद्धि गर्ने उद्देश्यले जनश्रमदानको न्यूनतम प्रतिशत देहायबमोजिम निर्धारण गर्ने।

| क्र.सं. | योजनाको प्रकृति | जनश्रमदान |
|---|---|---|
| १ | टिपर सहज रूपमा पुग्ने स्थानमा सञ्चालन हुने योजना | २५% |
| २ | टिपर पुग्न नसक्ने दुर्गम स्थानमा सञ्चालन हुने योजना | १५% |
| ३ | फलामजन्य सामग्री, कालोपत्रे, स्टिल संरचना, पाइप खरिद तथा यस्तै सामग्रीप्रधान योजनाहरू | १०% |

उल्लिखित प्रतिशत योजनाको कुल लागत अनुमानको आधारमा लागू हुने तथा कार्यान्वयनका क्रममा प्रचलित कानुन र नगरपालिकाको स्वीकृत कार्यविधिबमोजिम कार्यान्वयन गरिने।

**निर्णय नं. ११ : सम्पति विवरण सम्बन्धमा।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पदमा नियुक्ति भएको मितिले साठी दिन भित्र सम्पत्ति विवरण पेश गर्नु पर्ने प्रावधानको पुनः स्मरण भई सबै पदाधिकारी तथा कर्मचारीहरुलाई गत आ.व. २०८२/०८३ को सम्पत्ति विवरण मिति २०८३ भाद्र गतेभित्र कार्यलयमा पेश गर्न जानकारी गराउने।

**निर्णय नं. १२ : भुक्तानी बाँकी योजनाहरु सम्बन्धमा।**

गत आ.व. २०८२।८३ मा स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम कार्यान्वयन भई असार मसान्तमा भुक्तानीका लागि आवश्यक कागजातसहित पेश भएका, तर स्थानीय तहको कोष तथा लेखा व्यवस्थापन प्रणाली - SuTRA मा देखिएको प्राविधिक समस्याका कारण सोही आ.व.मा भुक्तानी हुन नसकेका देहायबमोजिमका जम्मा २३० वटा योजना तथा कार्यक्रमहरूको भुक्तानी गर्न बाँकी देहाय बमोजिमको रकम चालु आ.व. २०८३।८४ को बजेट तथा लेखा प्रणालीमा प्रचलित कानुनबमोजिम व्यवस्थापन गरी भुक्तानी दिने ।

| क्र.सं. | शीर्षक | योजना तथा कार्यक्रम संख्या | भुक्तानी दिनु पर्ने रकम रु. |
|---|---|---|---|
| १ | पुँजीगत तर्फ | ११६ | ११,२७,११,७८५/- |
| २ | चालु तर्फ | १०७ | १,४१,६९,६४०/- |
| ३ | धरौटी तर्फ | ७ | ६,८४,३५२/- |

निर्णय नं. १३. विविधः

(क) रेडक्रस सोसाइटी संगको सम्झौता नवीकरणः नगरवासी नागरिकहरुको स्वास्थ्य उपचारको क्रममा आवश्यक पर्ने रगत निशुल्क उपलब्ध गराउनको लागि नेपाल रेडक्रस सोसाइटी भक्तपुर रक्तसञ्चार सेवा, भक्तपुर संग गत आर्थिक वर्ष मा गरिएको द्वि-पक्षीय सम्झौतालाई चालु आर्थिक वर्ष २०८३।०८४ लागि समेत सम्झौता नविकरण गर्ने।

(ख) सडक बत्ती ठेक्का व्यवस्थापन सम्बन्धमा।

नगरपालिका क्षेत्रभित्र जडान गरिएका सडक बत्तीहरूको नियमित मर्मतसम्भार तथा प्रभावकारी व्यवस्थापन गरी सडक बत्तीलाई यथोचित रूपमा सुचारु राख्न आवश्यक सेवा तथा कार्यको ठेक्का व्यवस्थापन गर्न प्रचलित सार्वजनिक खरिद कानुनबमोजिम बोलपत्र आह्वान गरी आवश्यक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने।

(ग) विपदबाट क्षती भएका सडक संरचना मर्मत सम्भार सम्बन्धमा।

नगरपालिका क्षेत्रभित्र विभिन्न विपद्का कारण क्षतिग्रस्त भएका सार्वजनिक सडक, पुलपुलेसा तथा अन्य सार्वजनिक संरचनाहरूको स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गरी आवश्यकताका आधारमा प्राथमिकता निर्धारणसहित तत्काल मर्मतसम्भार तथा पुनःस्थापनाको कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने ।

(घ) शिक्षक सरुवा व्यवस्थापन सम्बन्धमा।

यस नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा रिक्त रहेको दरबन्दीमा शिक्षक व्यवस्थापन गर्ने प्रयोजनका लागि सम्बन्धित दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिको निर्णय तथा नगर शिक्षा समितिको सिफारिससहित सरुवाका लागि पेश भएको हुँदा श्री शान्ति निकेतन माध्यमिक विद्यालयमा कार्यरत निम्न माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयका स्थायी शिक्षक श्रीं दीपा बराललाई श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयमा रिक्त रहेको समान पदमा सरुवा गर्ने ।

(ङ) भवन अभिलेखीकरण प्रकृया स्थगित गर्ने सम्बन्धमा।

सूर्यविनायक नगरपालिकाको भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) ऐन, २०८२ बमोजिम नगरपालिकाबाट मिति २०८२/१२/१० मा सूचना प्रकाशन गरी नगरक्षेत्रभित्र प्रचलित कानुनबमोजिम भवन नियमित तथा अभिलेखीकरणका लागि निवेदन आह्वान गरी निवेदन संकलनको कार्य भइरहेकोमा सूर्यविनायक नगरपालिकाको भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) ऐन, २०८२ को दफा ६५ को उपदफा (६) बमोजिम नगरक्षेत्रमा सञ्चालन भइरहेको भवन नियमित तथा अभिलेखीकरणसँग सम्बन्धित निवेदन संकलन, स्थलगत निरीक्षण, प्राविधिक जाँच, नक्सा स्वीकृति तथा प्रमाणपत्र जारीलगायतका सम्पूर्ण कार्यहरू अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गर्ने ।